
# सानीका सिसाकलम

(बाल चित्रकथा)



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

बिक्रीका लागि होइन ।



# सानीका सिसाकलम

(बाल चित्रकथा)

बिक्रीका लागि होइन ।

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
परशुराम निरौला

चित्राङ्कन
अविन श्रेष्ठ

सम्पादक
भिक्टर प्रधान

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।


पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ — पाठ्यक्रम विकास केन्द्र

बिक्रीका लागि होइन

एक जना सानी केटी थिई । उसको नाम पनि सानी नै थियो ।
ऊ हरेक दिन विद्यालय जान्थी ।
ऊ विद्यालयमा ध्यान दिएर पढ्थी ।
तर उसको एउटा खराब बानी थियो ।
ऊ सिसाकलम टोक्थी र दिनका दिनजसो सिसाकलम हराउँथी ।



अनि दिनका दिनजसो आमासित नयाँ सिसाकलम माग्थी ।



सानी आफ्नो काममा लापरबाही गर्थी । ऊ सिसाकलम अलिकति छोटो हुनेबित्तिकै फाल्थी । उसको खाटमुनि, टेबलमुनि र कुनाकाप्चा जतातत‍ै सिसाकलमका ठुटाहरू छरिएका हुन्थे । एक साँझ उसले गृहकार्य गर्न लाग्दा, “मसित सिसाकलम छैन” भनी ।




बिक्रीका लागि होइन ।

सानीकी आमा दिक्क भइन् र उनले सानीलाई भनिन्, “सानी, तिमी दिनैपिच्छे लापरबाही गर्दै छ्यौ । यस्तै हो भने एक दिन तिम्रो जीवन बरबाद हुन्छ है । म तिमीलाई अर्को सिसाकलम किनिदिन्नँ, त्यही ठुटाहरूले गृहकार्य गर ।” यति भनेर उनी भान्छातिर लागिन् ।



बिक्रीका लागि होइन

सानी सुँक्क सुँक्क गर्दै गृहकार्य गर्न बसी ।




सानीले ठुटो सिसाकलमले गृहकार्य गरिरहेका बेला अचानक उसका वरिपरिका सिसाकलमका ठुटाहरूबाट अनौठो आवाज आयो । सानीले सिसाकलमका ठुटाहरू भुतभुताउँदै सुँक्क सुँक्क गरिरहेको सुनी । उसले कान थापेर भुतभुताएको आवाज सुनी ।




बिक्रीका लागि होइन ।


त्यही बेला उसको हातमा रहेको सिसाकलमको ठुटाले भन्यो, “सानी, म तिमीलाई हामी सबै ठुटा सिसाकलमको कथा भन्छु है, सुन्छ्यौ ?” सिसाकलमको ठुटो बोलेको सुनेर सानी छक्क परी । उसले ठुटोलाई कथा सुनाऊ भनी ।




सिसाकलमको ठुटोले भन्यो, "हेर, केही महिना अगिसम्म हामी यस्ता थिएनौँ । हामी ठुलो वनका ठुला र फुक्का जिउँदा रुखहरू थियौँ ।"



“हामी सबै आमाबा, भाइबहिनी, काकाकाकी, मामामाइजू र भतिजाभतिजीका माझमा थियौँ।”






"हामी त्यस ठुलो वनमा सुखी थियौँ । हाम्रा हाँगामा अनेकौँ जनावरहरू बस्थे ।"


"बाँदरहरू हाम्रा हाँगामा रमाई रमाई हाम फालेर खेल्थे।"





"अनेक चराहरू हाम्रा टोड्का र हाँगाहरूमा गुँड बनाउँथे ।"

"अनेक किरा फट्याङ्ग्राहरू पनि हाम्रा बोक्राभित्र बस्थे। चरा र बचेराहरू ती किरा रमाई रमाई खान्थे।"






बिक्रीका लागि होइन

“बाँदर र चराहरू हाम्रा हाँगामा फलेका फल खाएर रमाउँथे ।”

"हामी अनेक जनावर र मानिसलाई पनि छहारी दिन्थ्यौँ। त्यस छहारीमा तिनीहरू आराम गर्थे।"



सिसाकलमको ठुटाको कुरा सुनेर सानी घोरिई, “हँ ! रुखले यतिका कुरा कसरी गर्न सक्छ ?”



बिक्रीका लागि होइन



बिक्रीका लागि होइन ।

सिसाकलमले आफ्नो कथा भन्दै गयो, “त्यति मात्र होइन, हामी सबै दूषित हावालाई सोसेर लिन्थ्यौँ । मानिसलगायत सबै जीवजन्तुलाई स्वच्छ अक्सिजन भएको हावा दिन्थ्यौँ ।”

"हामी जमिनबाट पानी सोसेर लिन्थ्यौँ र सबै जीवजन्तु, चराचुरुङ्गी र मानिसका लागि एकनासले पानीको मूल फुटाइदिन्थ्यौँ ।"




बिक्रीका लागि होइन ।

यसो भन्दै सिसाकलमको ठुटो झन् सुँक्क सुँक्क गर्न थाल्यो । "सिसाकलम, फेरि किन एकाएक रोएको ?" सानीले सोधी ।




बिक्रीका लागि होइन ।

सिसाकलमको ठुटाले फेरि भन्न थाल्यो, “एक दिन डरलाग्दा अनुहार भएका भोका र थाकेका मानिसहरू हामीकहाँ आए। उनीहरूले हाम्रा हाँगाका फल कपाकप खाए। त्यसपछि धेरै बेर हाम्रो छहारीमा आराम गरे।”




“आराम गरिसकेपछि तिनीहरूले आफूसित ल्याएका बन्चराहरू टिपे । अनि हाम्रा फेदमा छ्प्काउन थाले । हामी सबै रोयौँ र चिच्च्यायौँ तर हाम्रो बिलौना तिनीहरूले सुनेनन् ।”




बिक्रीका लागि होइन ।

"तिनीहरूले दया माया नराखी हामीलाई छ्प्काइरहे। घन्टाभरपछि हामी ड्याम ड्याम ढल्न थाल्यौं।"



बिक्रीका लागि होइन।


"हामी ढलेर हाम्रा कलिला भाइबहिनी, भतिजाभतिजी, भान्जाभान्जीहरू किचिए । हाम्रा हाँगाबिँगाहरू कऱ्यापकुरूप भाँचिएर टुक्रा टुक्रा भए ।"



"अनि तिनीहरूले हामीलाई चिरेर मुढाहरू बनाए र ती गुडाएर लगे । हामीलाई जताततै चोटपटक लाग्यो ।"



"एउटा लरी आयो। मानिसहरूले मुढा लरीमा राखे।"




"हामीलाई ठुलो कारखानामा लगियो । हाम्रा बोक्रा काढिए । ठुला ठुला यन्त्रहरूले हामीलाई साना साना टुक्रा पारे ।"




बिक्रीका लागि होइन ।

"हामीलाई सही नसक्नु गरी दुख्यो। हामीलाई सिनित्त पारेर ताछियो र दुई दुई फ्याक पारेर चिरियो। बिचमा कालो सिसा राखेर दुई फक्लेटालाई फेरि ट्याप्प टाँसियो। अनि बाहिरपट्टि चिल्लो पारेर रङ्गाइयो।"




बिक्रीका लागि होइन ।




बिक्रीका लागि होइन ।

"अनि हामी तिमीहरू जस्ता विद्यार्थीहरूका लागि लेख्ने सिसाकलम बन्यौँ ।"

सानीले आँखा झिम्म नगरी सिसाकलमको दु:खको कथा सुनी । वनका रुखहरूको दुर्दशाका कुरा सुनेर उसको चित्त दुख्यो ।





सिसाकलमले फेरि भन्यो, "सानी, हामीलाई थाहा छ, तिमीहरूलाई धेरै थोकको लागि रुख चाहिन्छ। तिमीहरूकै कामका लागि हामी बनेका हौँ। तिमीहरूले हरेक दिन सिसाकलम हरायौ, भाँच्यौ वा खेर फाल्यौ भने धेरै रुख काट्नुपर्ने हुन्छ। अनि कुनै दिन एउटा पनि रुख बाँकी हुने छैन।"

"त्यसैले विचार पुऱ्याएर सिसाकलमबाट होसियारीसाथ काम लेऊ, हाम्रो आयु लामो बनाऊ र प्रकृति आमाको हरेक सृष्टिलाई जोगाऊ। तिमी हुर्केपछि रुखका बिरुवाहरू रोप र तिनलाई माया गर।"



बिक्रीका लागि होइन ।

"हामीबिना तिमीले लेखपढ गर्न सक्दैनौ। सम्झिराख, तिमीलाई सघाउन जसरी हामी साना भएका छौँ त्यसरी नै तिमी हुर्केर ठुलो हुनुपर्छ र आफ्नो देशको असल नागरिक बन्नुपर्छ, अनि आफ्नो देशका लागि राम्रा कामहरू गर्नुपर्छ।"

अनायास सानी सुँक्क सुँक्क गर्न थाली। उसले भुइँमा छरिएका सबै ठुटाहरू बटुली। हरेक ठुटालाई जतनसाथ छातीमा टाँसी र म्वाइँ खाई।



बिक्रीका लागि

बिक्रीका लागि होइन ।